# पथरी शनिश्चरे नगरपालिका

मोरङ, प्रदेश नं १, नेपाल

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ११ मितिः २०७८।१०।२०

भाग-२

पथरी शनिश्चरे नगरपालिका

कार्यविधिको नामः नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधी, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१०।२०

प्रमाणिकरण मितिः २०७८।१०।२०



पथरी शनिश्चरे नगरकार्यपालिकाको कार्यालय
पथरी, मोरङ
कोशी प्रदेश, नेपाल

२०७८।१०।२०

# नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधी,२०७८

**प्रस्तावनाः** पथरीशनिश्चरे नगरपालिकाको नगर अस्पतालवाट उपलव्ध गरिने सेवालाई उपलव्ध स्रोत साधनको अधिकतम् सदुपयोग गरी सेवालाई व्यवस्थित, जनमूखि र प्रभावकारी वनाउन स्वास्थ्य सेवाको व्यवस्थापन र सञ्चालन स्थानीय तहको नेतृत्वमा परिचालन गर्न नेपालको संबिधान,२०७२ को धारा २१४ वमोजिम अनुसूचि ८ र ९ को अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११(२) झ प्रयोग गरी पथरीशनिश्चरे नगरपालिकाले यो कार्यविधी बनाई लागू गरेको छ।

## परिच्छेद-१
## नाम, प्रारम्भ, परिभाषा

१. नाम र प्रारम्भः १.) यो कार्यविधीको नाम "नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधी, २०७८ रहेको छ"।

२. यो कार्यविधी नगर राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

३. परिभाषाः

क) "प्रमुख" भन्नाले पथरीशनिश्चरे नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

ख) "उप प्रमुख" भन्नाले पथरीशनिश्चरे नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

घ) "नगरपालिका" भन्नाले पथरीशनिश्चरे नगरपालिका सम्झनु पर्छ।

ङ) "अस्पताल" भन्नाले पथरीशनिश्चरे नगरपालिका भित्र रहेका २५ शैया सम्मको नगर अस्पताललाई सम्झनु पर्छ।

च) "समिति" भन्नाले पथरीशनिश्चरे नगरपालिकाको स्वास्थ्य ऐन,२०७७ वमोजिम गठित नगर अस्पताल व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

छ) "रेखदेख समिति" भन्नाले अस्पतालको आन्तरिक ब्यवस्थापनमा सहयोगका लागी गठित समिती सम्झनु पर्दछ ।

ज) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ।

झ) "पदाधिकारी" भन्नाले समितिका अध्यक्ष लगायतका व्यक्ति वा पदाधिकारी सम्झनु पर्छ।

४. छापः समितिको नेपाल सरकारले तोके वमोजिमको चिन्ह र छाप हुनेछ।

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद- २
## उदेश्य

५. नगर अस्पताल व्यवस्थापन तथा सञ्चालनको उदेश्यहरुः

क) स्वास्थ्य सेवालाई जनताको आधारभूत अधिकारको रुपमा स्थापति गर्ने ।

ख) उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी छिटो र प्रभावकारी स्वास्थ्य सेवा जनतालाई उपलव्ध गराउने ।

ग) जनताको आधारभूत स्वास्थ्य सेवालाई सरल, सुलभ र पुहँचयोग्य बनाउने ।

## परिच्छेद-३
## समितिको पदावधि

६. समितिको पदावधिः पथरीशनिश्चरे नगरपालिका स्वास्थ्य ऐन,२०७७ बमोजिम गठित समितीको पदावधी देहाय बमोजिम हुनेछ ।

क) समिति प्रमुखको पदावधि निजको पद बहाल रहेसम्म रहेन छ।

ख) प्रमुखले मनोनित गरेको सदस्यको पदावधि २ बर्षको हुने छ।

ग) सदस्य सचिवको पदावधि सम्बन्धित स्वास्थ्य संस्थाको हैसियतमा रहेसम्म कायम रहने छ।

## परिच्छेद- ४
## बैठक सम्बन्धी व्यबस्था

६. बैठक सम्बन्धी व्यबस्थाः

क) समितिको बैठक अध्यक्षताको आदेशमा सदस्य सचिवले बोलाउने छ।

ख) समितिको बैठक सामान्यतया तीन महिनाको एक पटक वा आवश्यक्ता बमोजिम बस्नेछ।

## परिच्छेद- ५
## समितिको काम कर्तव्य र अधिकार

८. समितिको काम कर्तव्य र अधिकारः

क) संघीय, प्रदेश तथा नगरपालिकाले वनाएको ऐन, नियम तथा निर्देशिका अनुसार अस्पताल सञ्चालन गर्ने गराउने ।

ख) नगर अस्पताल सञ्चालन गर्न आवश्यक नीती याजना बनाई कार्यन्वयन गर्ने गराउने ।

ग) नगर अस्पतालको प्रतिवेदनको समीक्षा गर्ने, सुझाव दिने तथा संस्थाको आवश्यक योजना तर्जुमा गरि कार्यन्वयन गर्ने गराउने।

घ) नगर अस्पताललाई आवश्यक निर्देशन दिने।



लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

ङ) नगर अस्पतालमा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने गराउन लगाउने ।

च) नगर अस्पतालमा कर्मचारीको व्यवस्थापन गर्न नगर भित्र रहेका नगर अस्पतालको स्वीकृत दरबन्दीको समान पदमा सरुवा गर्न, काजमा खटाउन नगरपालिकामा सिफारिश गर्ने।

छ) नगरपालिका भित्र सञ्चालित स्वास्थ्य सेवा दिई रहेका अन्य कुनै पनि प्रकारको स्वास्थ्य संस्थाको सञ्चालन, दर्ता, नविकरण, अनुगमन, सुपरीवेक्षण तथा समन्वय आदि नियमानुसार गर्ने।

ज) जनमुखि आधारभूत स्वास्थ्य योजना पुर्याउन वडा स्वास्थ्य योजना तयार पार्ने, योजना बनाउँदा भूगोल, अल्पसंख्यक, आदिवासी, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांग, बालवालिका, किशोर किशोरी, महिला समूहलाई मध्यनजर राख्नु पर्नेछ ।

झ) स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

ञ) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

## परिच्छेद- ६
## बैठकको बैठक र गणपूरक संख्या

**९. समितिको बैठक र गणपूरक संख्याः**

(१) महिनाको एक पटक समितिको बैठक बसाल्नु पर्नेछ । आवश्यकता भएमा जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नछे ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौवीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका प्रचलित मर्यादाक्रम अनुसार माथिल्लो मर्यादाक्रमको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राखेछ ।

पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ कोशी प्रदेश, नेपाल



लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद- ७
## समितिका पदाधिकारीहरूका काम र कर्तव्य।

१०. समितीका पदाधिकारीहरूका काम र कर्तव्य अधिकारः

क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

- समितीको बैठक वोलाउन सदस्य सदस्य सचिवलाई निर्देशन दिने।
- नगर अस्पतालको दैनिक कार्यको रेखदेख गर्न निर्देशन दिने।
- समितीका अन्य पदाधिकारीहरूलाई जिम्मेवारी तोकी काममा लगाउने ।
- समितीले तोकेको अन्य कार्य गर्ने गराउने ।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

- अध्यक्षको अनुपस्थितीमा अध्यक्षको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने।

ग) सदस्य सचिवको काम, कर्तव्य र अधिकारः

- अध्यक्षको निर्देशनमा समितीको बैठक वोलाउने।
- प्रतिवेदन पेश गर्ने र समितीको निर्णय कार्यन्वयन गर्ने गराउने।
- अस्पतालको प्रशासन प्रमुखको जिम्मेवारी वहन गर्ने ।
- नगरकार्य पालिका र समितीको निर्णय कार्यन्वयन गर्ने ।

घ) सदस्यको काम, कर्तव्य र अधिकारः

- वैठकमा सहभागी हुने ।
- समिती तथा अध्यक्षले तोकिदिए वमोजिमको कार्य गर्ने गराउने।
- नगर अस्पतालको सञ्चालन गर्न जनसहभागिता जटुाउन सहयोग गर्ने।

## परिच्छेद- ८
## समितिको कोष

११. समितिको कोषः(१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय वमोजिमका रकम रहनेछः-

(क) नगरपालिकावाट अस्पतालकालागी विनियोजित रकम,

(ख) संघीय सरकार, प्रदेश सरकार र प्राप्त रकम,

(ग) समितिले प्रदान गरेको सेवा तथा सुविधा वापत प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायवाट प्राप्त रकम,

(ङ) विदेशी सरकार, संघ, संस्थावा व्यक्तिवाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(च) अन्य स्रोतवाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि प्रचलित कानून वमोजिम स्वीकृति लिनु पर्नेछ ।



लक्ष्मी प्रसाद ख... प्रमुख प्रशासकीय अधिकृत

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहेको रकम नेपाल भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको सञ्चालन समितीले निर्णयगरे बमोजिम हुनेछ ।

(६) संस्थाको आर्थिक कारोवार बैंक मार्फतबाट मात्र गरिने छ ।

(७) सदस्य सचिवले आर्थिक आय–व्ययको विवरण चुस्त दुरुस्त राख्नु पनर्छे ।

(८) प्रत्येक वर्ष आन्तरिक लेखा परिक्षण गराउनु पर्नेछ ।

## परिच्छेद् ९
## लेखा परिक्षण

१२. **लेखा र लेखा परीक्षणः** (१) समितिको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा पेरीक्षण समितिको निर्णय बमोजीम हुनेछ।

(३) कोषको आन्तिम लेखा परीक्षण प्रचलत कानुन बमोजीम आईक्यानमा दर्ता भएको लेखा परीक्षक फर्म वा कम्पनीबाट गर्नुपर्नेछ।

(४) कार्यपालिकाले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै वखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद् १०
## रेखदेख तथा संरक्षण समिती

१३. **समितीको गठनः** नगर अस्पताल व्यवस्थापन समितीलाई अस्पताल व्यवस्थापन तथा संचालनमा प्रत्यक्ष सहयोग पुर्याउन नगर अस्पताल व्यवस्थापन समितीले देहाय बमोजिमको १ रेखदेख तथा संरक्षण समितीको गठन गर्नेछ।

क. अस्पताल निर्माण तथा संचालनकालागी जग्गा खोजविन समिती वा जग्गा दाताहरू मध्येबाट — १ जना - अध्यक्ष

ख. स्थानिय समाजसेवी मध्येबाट — १ जना - सदस्य

ग. स्थास्थ्य शाखाको कर्मचारी — १ जना - सदस्य सचिव

घ. समितीको कार्यकाल ३ वर्षको हुँनेछ ।

ङ. सदस्य सचिवको पदावधि सम्वन्धित स्वास्थ्य संस्थाको हैसियतमा रहेसम्म कायम रहने छ।

(च) यो कार्यविधी पारित हुँनु अगाडी बनेको समिती यसैं कार्यविधी अनुसार बनेको समिती सरह मानिने छ ।

१४. समितिको काम कर्तव्य र अधिकारः

१. नगरपालिकाले बनाएको ऐन, नियम तथा निर्देशिका अनुसार अस्पताल व्यवस्थापन तथा सञ्चालनमा प्रत्यक्ष सहयोग गर्ने ।

२. नगर अस्पतालको भौतिक संरचना, मेशिनरी यन्त्र, औषधी, सेवा वितरणमा सहयोग, व्यस्थापन लगायत तिनीहरूको रेखदेख र संरक्षण गर्ने।

३. अस्पतालको आन्तरिक व्यवस्थापनमा तत्काल आवश्यक सेवा तथा वस्तुहरूको बितरणका सम्वन्धमा नगर अस्पताल व्यवस्थापन समितीलाई जानकारी गराई उक्त सेवा तथा वस्तुहरूको तत्काल आपुर्तिको माग गर्ने ।

४. अस्पताल विस्तारकालागी आवश्यक पर्नसक्ने जग्गाको पहिचानगरि जग्गा दाताहरूको खोजी तथा जग्गा व्यवस्थापन सम्वन्धि आवश्यक सवै कार्य गर्ने र सो को सिफारिस नगर अस्पताल व्यवस्थापन समितीमा गर्ने ।

५. अस्पतालमा दैनिक आवश्यक सेवा तथा वस्तुहरूको तत्काल व्यवस्थापन गर्न आवश्यकता देखिए अस्पतालको कोषवाट खर्च हुँनेगरि रू. १००,०००/(एक लाख मात्र) रेखदेख समितीको निर्णयबाट खरिद गर्न सक्नेछ। तर यसरी गरिएको खर्चको अनुमोदन अस्पताल व्यवस्थापन समितीको पछि वस्ने वैठकवाट अनुमोदन गराउँनु पर्नेछ ।

१५. समितीको बैठकः

(१) समितीको वैठक महिनाको एक पटक वस्नु पर्नेछ । आवश्यकता भएमा जुनसुकै अवस्थामा पनि वैठक बस्न सक्नछे ।

(२) समितिको वैठक अस्पतालको हाता भित्र वस्नु पर्नेछ ।

(३) समितिको कूल सदस्य सङ्ख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका प्रचलित मर्यादाक्रम अनुसार माथिल्लो मर्यादाक्रमको सदस्यले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राखेछ ।

परिच्छेद् १०

कर्मचारी व्यवस्थापन

क) नगर अस्पतालमा हाल कार्यरत कर्मचारी स्वास्थ्य सेवा ऐन,२०५३ वमोजिम नै हाललाई कार्यरत रहेको मानिने छ।

ख) उपदफा क) वमोजिम कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेका निर्देशन र कर्मचारी समायोजन ऐन अनुसार हुने गरी व्यवस्था हुनेछ।

ग) नगर अस्पतालमा कार्यरत कर्मचारीको सेवा, शर्त र सुबिधा नगरपालिकाले तोके बमोजिम हुनेछ।

घ) प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा वाहेक नगरपालिका भित्र नगर अस्पतालमा कार्यरत कर्मचारीहरुलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ।

## परिच्छेद- ११

## बचाउ

१७. बचाउः

क) यस कार्यबेधिमा लेखिए बाहेकको व्यवस्था वाहेक स्वास्थ्य सेवा ऐन,२०५३ तथा पथरीशिनश्चरे नगर स्वास्थ्य ऐन,२०७७ ले तोके बमोजिम हुनेछ।

ख) पथरीशनिश्चरे नगरपालिकाका क्षेत्रभित्र रहेका अन्य स्वास्थ्य संस्था वा अस्पतालहरु यसै कार्यबिधि बमोजिम सञ्चालन भएको मानिनेछ।

ग) यो कार्यबेधि लागू हुनु पूर्व यस न.पा. भित्र कृयाशिल रहेका स्वास्थ्य संस्था वा अस्पतालहरु यसै कार्यबिधि बमोजिम सञ्चालन रहेको मानिनेछ।

१८. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. निर्देशिका बनाउने अधिकारः (१) यस कार्यविधि कार्यान्वयनको लागि समितिले आवश्यक निर्देशिका बनाउन सक्नेछ

नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
कोशी प्रदेश, नेपाल

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत



लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत